**बेनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेनी, स्याग्दी**

# आर्थिक वर्ष २०८१।८२ को आठौं कार्यपालिका बैठकका निर्णयहरु

**(मिति: २०८१।११।०६ गते)**

**बैठकका प्रस्तावहरु:**

**१. अघिल्लो बैठकका निर्णय कार्यान्वयन अवस्था समीक्षा सम्बन्धमा**
**२. आ.व. २०८२/८३ को लागि समपूरक अनुदान र विशेष अनुदान तर्फका आयोजना छनौट सम्बन्धमा**
**३. राजीनामा स्वीकृत सम्बन्धमा**
**४. बासखोला देखि पाखाथर खानेपानी आयोजनाको म्याद थप सम्बन्धमा**
**५. भाडा दर निर्धारण तथा बक्यौता असुली उप समितिको सिफारिस सम्बन्धमा**
**६. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा**
**७. दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई सम्बन्धमा**
**८. योजना माग सम्बन्धमा**

**निर्णयहरु:**माथि उल्लिखित प्रस्ताव माथि छलफल गरी देहायका निर्णयहरु गरियो।

**निर्णय नं. १** बेनी नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा गरियो। समीक्षाबाट प्राप्त हुन आएको सुझावलाई मध्यनजर गरी कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. २ आगामी आर्थिक वर्ष २०८२/८३ को लागि संघीय समपुरक अनुदान र विशेष अनुदान तथा प्रदेश समपुरक र विशेष अनुदान तर्फका आयोजना तथा कार्यक्रमहरु तपशील बमोजिम प्राथमिकीकरण निर्धारण गरी संघीय सरकार र गण्डकी प्रदेश सरकार सँग माग गर्ने।

**क) संघीय समपुरक अनुदान तर्फ:**

| क्र.स. | आयोजनाको नाम | प्राथमिकता नम्बर | कैफियत |
|---|---|---|---|
| १. | बेनी-पुलाचौर-टोड्के सडक | पहिलो | |
| २. | आधुनिक सरसफाई केन्द्र निर्माण | दोस्रो | |

**ख) संघीय विशेष अनुदान तर्फ:**

| क्र.स. | आयोजनाको नाम | प्राथमिकता नम्बर | कैफियत |
|---|---|---|---|
| १. | पुलाचौर- पुरुण्डी- नेपाने खानेपानी योजना | पहिलो | दलित बस्ती लाभान्वित हुने |

सुरत के.सी.
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २. | खबरा खानेपानी योजना | दोस्रो | |
| ३. | पोषण प्रवर्द्धन कार्यक्रम | तेस्रो | |

**ग) प्रदेश समपुरक अनुदान तर्फः**

| क्र.स. | आयोजनाको नाम | प्राथमिकता नम्बर | कैफियत |
|---|---|---|---|
| १. | बेनी-महारानीथना-छापा-डाडाखेत सडक योजना | पहिलो | |
| २. | बेनी-लभ्लीहिल-भकुण्डे सडक योजना | दोस्रो | वडा कार्यालय जोड्ने |
| ३. | पुलाचौर-जगन्नाथ सडक योजना | तेस्रो | |

**घ) प्रदेश विशेष अनुदान तर्फः**

| क्र.स. | आयोजनाको नाम | प्राथमिकता नम्बर | कैफियत |
|---|---|---|---|
| १. | बेनी-थामडाँडा-मरेक-डोले-भकिम्ली सडक योजना | पहिलो | |
| २. | बेनी-सारेमारे-बाग्लुङ सडक योजना | दोस्रो | |
| ३. | गलेश्वर-काउलेगौडा-पात्लेखेत सडक योजना | तेस्रो | |

**निर्णय नं. ३** यस नगरपालिका अन्तरगतको पुलाचौर स्वास्थ्य चौकीमा सि.अ.न.मी.नि (अधिकृत छैटौं) पदमा कार्यरत स्वास्थ्यकर्मी श्री विष्णुमाया खत्री कुँवरले आफ्नो घरयासी कारण देखाई स्वेच्छाले राजीनामा दिई सो स्वीकृत गरिदिन भनी पेश भएको निवेदन र सो सम्बन्धी प्रस्ताव उपर छलफल गर्दा निजले स्वेच्छाले राजीनामा पेश गरेको देखिएकोले गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १४१ बमोजिम निजको राजीनामा स्वीकृत गर्ने।

**निर्णय नं. ४** यस नगरपलिका अन्तरगत वडा नं. ६ मा सञ्चालनमा रहेको बासखोला देखि पाखाथर खानेपानी योजना उपभोक्ता समितिले आयोजना सञ्चालनको क्रममा स्थानीय बासीका विविध कारणले ढिलाई भई तोकिएको समयमा आयोजना सम्पन्न नसकिने भएकोले सम्झौताको म्याद थपिदिन भनी निवेदन माग भई आएकोले सो योजनाको सम्झौताको म्याद मिति २०८१/१०/३० देखि लागू हुने गरी २०८१/१२/३० सम्म थप गरिदिने। साथै आगामी दिनमा उपभोक्ता समितिको म्याद थप गर्ने सम्बन्धमा आवश्यकता र औचित्य हेरी निर्णय लिन कार्यालयलाई अधिकार प्रदान गर्ने।

**निर्णय नं. ५** यस नगरपालिका क्षेत्रभित्र निर्मित सार्वजनिक संरचनालाई भाडामा लगाई नगरपालिकाको आम्दानी वृद्धि गर्नका लागि भाडा दर निर्धारण तथा बक्यौता असूली उप समितिको सिफारिस समेतका आधारमा देहायका संघ

सुरत के.सी.
नगर प्रमुख

संस्थालाई देहाय बमोजिम हुने गरी भाडा निर्धारण गरी असूली गर्ने । साथै कार्यपालिकाबाट अनुमोदन गराउने गरी उप समितिको सिफारिस बमोजिम कार्यालयबाट भएका भाडा सम्झौता समेतलाई अनुमोदन गर्ने ।

क) वडा नं. ८ अन्तरगत कालिपुल क्षेत्रमा रहेको चिल्ड्रेन पार्कमा जिल्ला आर्चरी संघबाट मासिक रुपमा रु. ६०००।– (अक्षेरुपी छ हजार मात्र ) भाडा असूली गर्ने गरी जिल्ला आर्चरी संघलाई भाडामा लगाउने ।

ख) वडा नं. ६ अन्तरगत कालिपुल क्षेत्रमा रहेको टर्मिनल भवनको काउन्टर धौलागिरी गण्डकी यातायात सेवा प्रा.लि. लाई हाइस र इभी सेक्सन सञ्चालन गर्न मासिक रुपमा रु. १२०००।– (अक्षेरुपी बाह्र हजार मात्र) भाडा असूली गर्ने गरी भाडामा लगाउने ।

ग) बेनी बजारको दरबाङ्ग सडक खण्डमा रहेको सार्वजनिक शौचालय सञ्चालनका लागि बेनी नगरपालिका वडा नं. ६ निवासी रन बहादुर सार्कीसँग गरिएको भाडा सम्झौताको म्याद २०८१ श्रावण १ गते देखि लागू हुने गरी २०८२ साल असार मसान्त सम्मका लागि थप गर्ने ।

**निर्णय नं. ६** अल्फा बिटा कन्सट्रक्सन एण्ड हाउजिङ सेवा बे.न.पा. – ९, तोरीपानी म्याग्दीले घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र पाउँ भनी पेश गरेको निवेदन उपर स्थलगत रुपमा अध्ययन गरी तयार भएको प्रतिवेदन अनुसार सो सेवालाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउन उपयुक्त देखिएकोले बेनी नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ बमोजिम घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

**निर्णय नं. ७** चालु आर्थिक वर्षको दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई २०८१ साल फागुन २८ गते बेनी नगरपालिका वडा नं. १० को कार्यालय, पात्लेखेतमा आयोजना गर्ने । सोको लागि सबै विषयगत समिति र विषयगत शाखाहरुले हालसम्मको प्रगति सहित सार्वजनिक सुनुवाईको तयारी गर्ने ।

**निर्णय नं. ८** यस नगरपालिका अन्तरगत क्रमागत योजनाको रुपमा रहेका देहायका योजनाहरुको लागि नेपाल सरकार र प्रदेश सरकारका निकायमा बजेट विनियोजनका लागि माग गर्ने ।

क) एक पालिका एक खेल मैदान योजना, तोरिपानी

ख) गलेश्वर-काउलेगौडा- नेप्टेचौर-घतानकोट-ढोल्ठान पदमार्ग

ग) तोरीपानी- ढोल्ठान-नयाँगाउँ-गजने सडक

सुरत के.सी.
नगर प्रमुख